**टीकापुर नगरपालिकाको आ.व. २०७३/०७४ को पहिलो चौमासिकको सार्वजनिक सुनुवाइको बहिर्गमन अभिमतको नतिजा**

टीकापुर नगरपालिकाको आर्थिक वर्ष २०७३/०७४ को विकास योजना र सेवा प्रवाहका बारेमा २०७३ कार्तिक २९ गते भएको सार्वजनिक सुनुवाईका बहिर्गमन अभिमतको संक्षिप्त विवरण यसप्रकार रहेको छ ।

टीकापुर नगरपालिकाबाट सेवा लिएर फर्किएका ५० जना सेवाग्राहीको मत संकलन गरिएको थियो । जसमा ३४ जना पुरुष, १६ जना महिला थिए । उनीहरु शिक्षाको हिसावले ९ जना निरक्षर, ४ जना साक्षर, ६ जना १० कक्षा मुनी, ९ जना एसएलसी, १० जना प्लस टु, ८ जना स्नातक र २ जना स्नात्तकोत्तर थिए ।

जातीय हिसावले हेर्दा १२ जना दलित, १५ जना जनजाति, ७ जना वाहुन, १६ जना क्षेत्री थिए । उमेरका हिसावले २० वर्ष सम्मका ५ जना, २१ देखि ४० वर्षका २६ जना, ४१ देखि ६० वर्षका १४ र ६१ वर्षमाथिका ४ जना थिए ।

पेशाका हिसावले हेर्दा २६ जना कृषी, ९ जना व्यापार, ७ जना नोकरी, ३/३ जना अध्यायन र मजदुरी गर्ने थिए ।

अभिमत संकलन गरेका मध्ये २ जनाले आफ्नो शिक्षा बताएनन्, १ जनाले आफ्नो उमेर बताएन र २ जनाले आफ्नो पेशा बताएनन् ।

**उनीहरु निम्नानुसारको सेवा लिन आएका थिए**

क. सिफारिस लिन/पुर्‍याउन - १९ जना
ख. दर्ता/नवीकरण गर्न - ८
ग. कर तिर्न - ७
घ. वाल पोषण भत्ता लिन - ६
ङ. सूचनामूलक सामग्री प्राप्त गर्न - १
च. योजनाको किस्ता लिन - १
छ. नाता प्रमाणित गर्न - ३
ज. घर नक्सा पास गर्न - २
झ. सामाजिक सुरक्षा भत्ता लिन - ३

**नगरपालिकाले प्रदान गर्ने सेवाप्रति नागरिकको सन्तुष्टि**

| क.स. | प्रश्न | सूचक १ | सूचक २ | सूचक ३ | प्रष्टिकरण |
|---|---|---|---|---|---|
| १ | सेवा लिन कोसंग सम्पर्क गर्ने भन्नेमा तपाईलाई स्पष्ट जानकारी भयो ? | अति स्पष्ट-१४ | ठीकै-३१ | अस्पष्ट- ४ | १ जनाले मत दिएन |
| २ | कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझ्‍ेजस्तो लाग्छ ? | अति धेरै-४ | ठीकै-३५ | थोरै-१० | १ जनाले मत दिएन |
| ३ | तपाईप्रति सेवाप्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ? | मिलनसार र मैत्रीपूर्ण-१८ | ठीकै-२७ | अमर्यादित-३ | २ जनाले मत दिएनन् |
| ४ | सेवा प्राप्त गर्न आवश्यक सूचनाबारे तपाईलाई कर्मचारीले स्पष्ट पारे ? | अति स्पष्ट गरिदिए-१४ | ठीकै-३१ | अलमल हुनेगरी सूचना दिए-३ | २ जनाले मत दिएनन् |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | तपाईंले राख्नु भएका समस्यालाई के कस्तो समाधान दिए ? | अति सजिलो तरिकाबाट समाधान दिए-१६ | ठीकै-२७ | समाधान दिन सकेनन-६ | १ जनाले मत दिएन |
| ६ | सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया कस्तो लाग्यो ? | अति सजिलो-६ | ठीकै-३४ | लामो र झंझटिलो-९ | १ जनाले मत दिएन |
| | नतिजा | ७२ | १८५ | ३५ | ८ |
| | अघिल्लो वर्षको नतिजा | ७४ | १५९ | ६१ | ६ |

विश्लेषण : ५० जना सेवाग्राहीलाई ३/३ वटा सूचक रहेका ६ वटा प्रश्न सोध्दा ३०० उत्तर खोजेका थियौं । जसमध्ये ७२ वटा राम्रो, १८५ ठीकै र नराम्रो अवस्था भन्नेमा ३५ देखिएको छ । ८ ओटा सूचकको उत्तरै आएन ।

प्रतिशतको आधारमा नगरपालिकाको सेवा अति राम्रो भन्नेमा २४ प्रतिसत, ठीकै भन्नेमा ६१.६६ प्रतिशत, ११.६६ प्रतिसत सेवाग्राही गाउँ विकास समितिको सेवाप्रति सन्तुष्ट छैनन र कर्मचारीको व्यवहार र सेवा प्रवाहमा सुधारको अपेक्षा गर्दछन् । २.६६ प्रतिसतले आफ्नो मत कुनै पनि पक्षमा दिएनन् ।

**राम्रो लागेको र सुधार गर्नुपर्ने पक्ष**

| राम्रो लागेको कुरा | सेवाग्राहीबाट आएका केही सुझावहरु/सुधार गर्नुपर्ने पक्ष |
|---|---|
| • बोली व्यवहार राम्रो लाग्यो<br>• सबै सूचना समयमै दिए<br>• कर्मचारीहरुले सेवाग्राहीलाई स्पष्ट सल्लाह सुझाव दिएको पाईयो ।<br>• आ आफ्नो कार्यकक्षमा बसेर काम गरेको राम्रो लाग्यो ।<br>• कर्मचारीको असल व्यवहार र सहयोगि भावना राम्रो लाग्यो ।<br>• सेवा समयमै पाईयो ।<br>• समस्याको समाधान सजिलो तरीकाबाट दिए तर व्यवहार भड्कीलो लाग्यो । | • सेवाग्राहीलाई सूचना दिदा कर्मचारीहरुले एकैसाथ स्पष्ट हुने गरी सूचना दिनुपऱ्यो ।<br>• काम छिटोछरितो हुनुपऱ्यो,<br>• सधैजसो कर्मचारी र हाकिमलाई कुर्नुपर्ने अवस्था नहोस् र खाजा खाने समय छोट्याउनुपर्ने,<br>• सेवाग्राहीको कामलाई भोलि भनेर टारेको मन परेन, अलि प्रक्रिया नपुग्ने वित्तीकै आज आउ भोली आउ भन्दै दुःख दिन्छन् । के प्रक्रिया हो सबै एकै पटक भनिदिनु पऱ्यो,<br>• सडक किनारामा थुपारीएका निर्माण सामग्रीहरुको व्यवस्थापन गर्न लगाउनु पर्ने ।<br>• छाडा पशुचौपायलाई नियन्त्रण गर्नु पर्ने ।<br>• वडा कार्यालयमा कर्मचारीहरु थप्नुपऱ्यो । |

**नगरपालिकाको प्रतिबद्धता :**

- सडक सम्बन्धि आयोजनाहरुलाई विशेष प्राथमिकता दिईने छ ।
- सेवाग्राहीहरुका जायज माग सम्बोधन गर्न नगरपालिका प्रतिवद्ध रहेको।
- टीकापुर नगरपालिकाका काम कार्वाही पारदर्शिता, जवाफदेहीता र जनसहभागिाका क्षेत्रमा काम गर्न प्रतिवद्ध रहेको ।
- भवन निर्माण संहिता विपरीत घर नक्सा पास नगरिने ।
- नगरपालिकाको उपलब्ध जनशत्तिबाट सेवा सुविधालाई गुणस्तरिय बनाउदै लगिने ।
- छाडा चौपायाको सम्बन्धमा ठोस कार्य योजना बनाई कार्यान्वयन गरिने ।
- सार्वजनिक सुनुवाई कार्यक्रममा टीकापुर स्थित विभिन्न राजनितिक दलका प्रतिनिधीहरुले पनि विकासका कार्यहरुमा एकतावद्ध भएर काम गर्ने प्रतिवद्धता जनाएका छन् ।